कार्यपालिकाको ५९ औं बैठक//स्थान : अध्यक्ष ज्यूको कार्यकक्ष ।

मितिः २०८२ साल असोज महिनाको २८ गते बिहिबार, विहान ८ बजे

अध्यक्षताः श्रीमान युवराज अधिकारी, गाउँपालिका अध्यक्ष

उपस्थितिः

श्रीमान युवराज अधिकारी, अध्यक्ष

श्री विच्छ बहादुर घले, उपाध्यक्ष

श्री हेमराज काफ्ले, प्रमुख प्रशासकीय अधिकृत

श्री लक्ष्मी प्रसाद अधिकारी वडाध्यक्ष, वडा नं १

श्री गणेश बहादुर खत्री, वडाध्यक्ष, वडा नं २

श्री कृष्णबहादुर गुरुङ, वडाध्यक्ष, वडा नं ३

श्री मिन बहादुर गुरुङ, वडाध्यक्ष, वडा नं ४

श्री ~~कुमराज गुरुङ~~ हिम कुमारी गुरुङ, वडाध्यक्ष, वडा नं ५ , का.वा.

श्री नन्दराज घले, वडाध्यक्ष, वडा नं ६

श्री रीस माया गुरुङ, वडाध्यक्ष, वडा नं ७

श्री नारान घले, वडाध्यक्ष, वडा नं ८

श्री आशिष तामाङ, वडाध्यक्ष, वडा नं ९

श्री नेत्र बहादुर घर्ति, कार्यपालिका सदस्य

श्री गङ्गा गुरुङ, कार्यपालिका सदस्य

श्री अम्बिका मरहट्टा, कार्यपालिका सदस्य

श्री लाल माया मिजार, कार्यपालिका सदस्य

श्री लिला बहादुर सुनार, कार्यपालिका सदस्य

श्री सृष्टि नेपाली, कार्यपालिका सदस्य

अन्यः

श्री ताराचन्द्र ढकाल, सूचना अधिकारी

प्रस्ताव:

१. स्वास्थ्य बिमा भुक्तानी
२. गाउँपालिका क्षेत्रभित्रका घाटहरुको दहत्तर बहत्तर उत्खनन प्रयोजनका लागि संक्षिप्त वातावरणीय अध्ययन (Brief Environmental Study, BES)
३. प्रशासकीय भवनको As-built Drawing र Structural Analysis तथा नक्सा अभिलेखीकरण
४. सङ्घीय समपुरक अनुदानको फिर्ता दाखिला
५. ठेक्का नं DORDI/NCB/W/18/077-78, CONSTRUCTION OF COLD STORE BUILDING लाई कारवाही
६. विविध

निर्णय:

| निर्णय नं | निर्णयको बेहोरा |
|---|---|
| १ | दोर्दी गाउँपालिकाको आ.व. २०८२।८३ को स्वीकृत नीति तथा कार्यक्रमको सामाजिक विकास शीर्षक अन्तर्गत बुँदा नं २६ मा "जलविद्युतको आम्दानी -स्वास्थ्यमा लगानी" नारासहित दोर्दी गाउँपालिका स्थायी ठेगाना भई स्थायी रुपमा बसोबास गरी दोर्दीमै चुल्हो बालिरहेका सम्पूर्ण घर परिवारको स्वास्थ्य उपचारको प्रत्याभूति गर्न निःशुल्क स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन गरिनेछ" भनी पारित भएको, नीति तथा कार्यक्रम बमोजिम नै रु १,५०,००,००० (अक्षरेपि एक करोड पचास लाख रुपैयाँ मात्र) विनियोजन भएको, २०८२ श्रावण ११ बाटै अभियान सुरु गरी स्वास्थ्य बिमाका लागि फारम भरी स्वास्थ्य बिमा बोर्डको कार्यालय लमजुङमा पेश भएको र भुक्तानी गर्नुपर्ने भएकोमा नेपाल सरकार अर्थ मन्त्रालयको खर्च कटौती सम्बन्धी च.नं. ११८, मिति २०८२।०६।०७ को निर्णय कार्यान्वयन गर्ने विषयको परिपत्रको स-सम्मान कार्यान्वन गर्ने तथापी नेपाल सरकारले निर्णय गर्नु पूर्व नै कार्यपालिकाको २०८२ असार २४ को बैठकबाट "स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन कार्यविधि २०८२" स्वीकृत भई २०८२ असार २८ गते राजपत्रमा प्रकाशित भएको र सबै परिवारको फारम भरी बिमा बोर्डको कार्यालयमा पेश भई दायित्व सिर्जना भैसकेकोले बिमा बापतको प्रिमियम शुल्क गाउँपालिकाको सम्बन्धित शीर्षकबाट भुक्तानी दिन स्वीकृति दिने। |
| २ | गाउँपालिका क्षेत्रभित्रका घाटहरुको दहत्तर बहत्तर उत्खनन प्रयोजनका लागि संक्षिप्त वातावरणीय अध्ययन (Brief Environmental Study, BES) प्रतिवेदन तयार गर्न पूर्वाधार विकास तथा वातावरण वयवस्थापन शाखाबाट तयार लागत अनुमान स्वीकृत गरी सार्वजनिक खरिद ऐन तथा नियमावली एवम् अन्य प्रचलित कानून बमोजिम गर्ने निर्णय अनुमोदन गर्ने । |

| | |
|---|---|
| ३ | गाउँपालिकाको प्रशासकीय भवनको As-built Drawing र Structural Analysis गर्न परामर्श सेवा खरिद अन्तर्गत परामर्शदाता फर्मसँग सम्झौता गरी कार्य अगाडि बढाउन र नक्सा अभिलेखीकरण गर्न स्वीकृति दिने । |
| ४ | सङ्घीय वित्तीय हस्तान्तरणको समपुरक अनुदान अन्तर्गत आ.व. २०८१।८२ मा प्राप्त निकासा मध्ये कार्यक्रम कार्यान्वयन गरी बाँकी फिर्ता गर्नुपर्ने रकम रु १५,७१,४५९ (अक्षरेपि: पन्ध्र लाख एकहत्तर हजार चार सय उनान्साठी रुपैयाँ) समपुरक कोष शीर्षकबाट फिर्ता दाखिला गरी गाउँसभाको बैठकबाट आन्तरिक श्रोतबाट शोधभर्ना गर्ने गरी अनुमोदनका लागि पेश गर्ने कार्यालयको निर्णयको समर्थन गर्ने । |
| ५ | ठेक्का नं DORDI/NCB/W/18/077-78, CONSTRUCTION OF COLD STORE BUILDING को ठेक्का सम्झौता भएको Rabina Shreya Jugal JV ले आ.व. २०८१।८२ मा रु ५०,००,००० (पचास लाख रुपैयाँ) विनियोजन सुनिश्चित गरेकोमा कुनै कार्य नगरेको र निज फर्मकै अनुरोधमा २०८२ असोज मसान्तसम्मका लागि अर्थ मन्त्रालयमा समन्वय गरी रकम सुनिश्चित गर्ने मौखिक सहमतिमा म्याद थप भएको र निज फर्मले पेश्की बापतको रकमबाट समेत कुनै कार्य प्रगति देखाउन नसकेकोले उक्त संयुक्त उपक्रमलाई सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित कानून बमोजिम कारवाही गर्ने । |
| ६ | क)कार्यालयबाट स्वीकृत गाउँपालिका स्तरीय नौथर खेलकुद शान्ति मिलन युवा क्लब, दोर्दी-४, ले सञ्चालन गर्ने निर्णय समर्थन गर्ने तथा पेश हुने बिल भरपाईका आधारमा भुक्तानी दिन स्वीकृति दिने ।<br>ख)गाउँपालिकाको हाल सञ्चालनमा रहेको स्वास्थ्य शाखा, कृषि शाखा, प्रशासकीय भवन र सामुदायिक स्वास्थ्य एकाईमा मर्मत सम्भार तथा शौचालय निर्माण समेत गर्न आवश्यक देखिएकोले पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखाबाट लागत अनुमान तयार गराई सार्वजनिक खरिद ऐन, २०६३; सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित कानूनको आधारमा खरिद प्रकृयाका लागि स्वीकृति दिने ।उक्त कार्यका लागि "पुराना सरकारी भवन मर्मत सम्भार" शीर्षकबाट रु ७,००,००० (अक्षरेपि: सात लाख रुपैयाँ मात्र) र आवश्यक बाँकी रकम "निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार शीर्षकबाट 'खर्च लेख्न स्वीकृति दिने । |